# इसाइस समुद्री आँधी फ्लोरिडा नजिक

**मियामी**-इसाइस समुद्री आँधीसहितको भीषण वर्षाले बहमासमा बाढी र डुबानको स्थिति सिर्जना भएको छ। अमेरिकी जलवायु विज्ञानका अनुसार यो आँधी कोरोनाभाइरसका कारण समस्या झेलिरहेको फ्लोरिडा नजिक आइपुगेको छ।

बहमासमा करिब २० सेन्टीमिटर वर्षा हुने अनुमान गरिएको छ। स्थानीय समयअनुसार शनिबार अपराह्न २ बजेसम्म इसाइस आँधीको सर्वाधिक वेग १२० किलोमिटर प्रतिघण्टा रहेको छ।

फ्लोरिडाको तटिय क्षेत्रमा आइतबार बिहान आँधी आइपुग्नु अगावै समुद्री क्षेत्रमा भारी वर्षा हुने सम्भावना रहेकाले फ्लोरिडामा वर्षा केही कमजोर हुने अनुमान पनि गरिएको छ।



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले समुद्री आँधी आउनुअघि नै फ्लोरिडामा आपतकालीन स्थिति घोषणा गर्नु भएको छ। आपतकाल घोषणाका कारण फ्लोरिडा राज्यले सङ्घीय सरकारबाट तत्काल आर्थिक सहायता प्राप्त गर्न सक्नेछ।

फ्लोरिडा राज्यका गभर्नर रन डिसान्टीसले इसाइस आँधी तटीय क्षेत्रमा आइसकेकाले आम जनतालाई सचेत रहन आग्रह गरेको छ।

अमेरिकी अन्तरिक्ष केन्द्र (नासा)ले पनि आँधीको सावधानीपूर्वक अध्ययन गरिरहेको छ। अन्तरराष्ट्रिय अन्तरिक्ष केन्द्रबाट दुई जना अन्तरिक्ष यात्री मेक्सिको खाडी क्षेत्रमा आइतबार अवतरण गर्ने कार्यक्रम छ। (रासस/एएफपी)

# विश्वभरी मृत्यु भएकाको संख्या छ लाख ८९ हजार

**बेइजिङ**- विश्वभरी महामारीका रूपमा फैलिएको कोरोनाभाइरसका कारण आइतबार दिउँसोसम्म कुल मृतकको संख्या छ लाख ८९ हजारभन्दा बढी पुगेको छ।

अधिकारीले आइतबार दिएको जानकारीअनुसार कोरानाका कारण कुल मृतकको संख्या छ लाख ८९ हजार ७० पुगेको हो।

त्यसैगरी कुल सङ्क्रमितको संख्या पनि एक करोड ८० लाख ३३ हजार २७९ पुगेको पछिल्लो तथ्यांकमा उल्लेख गरिएको छ।

सबैभन्दा धेरै सङ्क्रमित र मानवीय क्षति अमेरिकामा भएको छ भने दोस्रो धेरै प्रभावित ब्राजिलमा देखिएको छ। पछिल्लो विवरणअनुसार अमेरिकामा कुल सङ्क्रमितको संख्या ४७ लाख ६४ हजार ५२२ पुगेको छ। त्यसैगरी यहाँ कुल मृतकको संख्या एक लाख ५७ हजार ९०१ पुगेको पनि अधिकारीले जनाएका छन्।



दोस्रो धेरै प्रभावित भएको ब्राजिलमा २७ लाख आठ हजार ८७६ जना सङ्क्रमित भएका छन् भने ९३ हजार ६१६ जनाको मृत्यु भएको छ।

**भारतीय उत्तर प्रदेशमा मन्त्रीको मृत्यु**

भारतमा प्रदेशमन्त्री कमल रानी वरुणको कोरोनाभाइरसको संक्रमणबाट निधन भएको छ। उत्तर प्रदेशकी मन्त्री रानीको निधन भएको प्रदेश सरकारका प्रवक्ताले पुष्टि गरेका छन्।

उनीसँगै भारतमा पछिल्लो २४ घण्टामा कोरोनाका कारण ८५३ जनाको मृत्यु भएको छ। कुल मृतकको संख्या भने ३७ हजार ३६४ पुगेको अधिकारीले जनाएका छन्।

भारतमा पछिल्लो २४ घण्टामा ५४ हजार ७३६ जना सङ्क्रमित भएका छन्। योसँगै कुल सङ्क्रमितको संख्या साढे १७ लाखभन्दा बढी पुगेको छ। (रासस/सिन्ह्वा)

# कुवेतद्वारा नेपालसहित ३० भन्दा बढी मुलुकका यात्रुलाई प्रवेशमा प्रतिबन्ध

**कुवेत सिटी**-खाडी मुलुक कुवेतले भारत र चीनसमेत ३० भन्दा बढी मुलुकका यात्रुलाई कुवेत प्रवेशमा रोक लगाएको छ।

कुवेती नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकले सबै विमानसेवा कम्पनीलाई एक पत्र लेख्दै सरकारको उक्त आदेश पालना गर्न आग्रह गरेका छन्।

कुवेत सरकारले सार्वजनिक गरेको पछिल्लो सूचीमा समावेश मुलुकमा नेपालसहित भारत, इरान, चीन, ब्राजिल, कोलम्बिया, आर्मेनिया, बंगलादेश, फिलिपिन्स, सिरिया, स्पेन, सिंगापुर, बोस्निया हर्जगोभिना, श्रीलंका, इराक, मेक्सिको, इन्डोनेसिया, चिली, पाकिस्तान, इजिप्ट, लेबनान, हङकङ, इटाली, मोल्डोभा, पनामा, बेरुत समेतका छन्।

कुवेतले व्यावसायिक उडान आंशिक खुला गरिएकै दिन कुवेत सरकारले नयाँ प्रतिबन्ध घोषणा गरेको खालिज टाइम्सले जनाएको छ। समाचारअनुसार कुवेत अन्तरराष्ट्रिय विमानस्थल शनिबारदेखि करिब ३० प्रतिशत खुला हुनेछ।

अमेरिकी जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार कुवेतमा हालसम्म ६७ हजार ४४८ जनामा कोरोना सङ्क्रमण देखिएको र ४५३ जनाको मृत्यु भएको थियो। (रासस/एएनआई)

# २४ घण्टामा एक हजारभन्दा बढी सङ्क्रमित

**रियो दि जेनेरियो**- ब्राजिलमा विगत २४ घण्टामा एक हजार ८८ कोभिड-१९ सङ्क्रमितको मृत्यु भएको सरकारी तथ्याङ्कमा उल्लेख छ।

आइतबार ब्राजिलको स्वास्थ्य मन्त्रालयले जारी गरेको तथ्याङ्कअनुसार विगत २४ घण्टामा ब्राजिलमा ४५ हजार ३९२ व्यक्ति सङ्क्रमित भएका छन् भने सो अवधिमा एक हजार ८८ सङ्क्रमितको मृत्यु भएको छ।

ब्राजिलमा अहिलेसम्म कूल ९३ हजार ५६३ कोभिड-१९ सङ्क्रमितको मृत्यु भएको छ भने सङ्क्रमितको सङ्ख्या २७ लाख सात हजार ८७७ पुगेको मन्त्रालयले पुष्टि गरेको छ।

ब्राजिलको सबैभन्दा बढी जनघनत्व रहेको साओ पाओलो शहर सबैभन्दा बढी प्रभावित शहर हो जहाँ पाँच लाख ५२ हजार ३१८ व्यक्ति सङ्क्रमित रहेका छन् भने २३ हजार २३६ जनाको मृत्यु भइसकेको छ। त्यस्तै रियो दि जेनेरियोमा एक लाख ६७ हजारभन्दा बढी सङ्क्रमित रहेका छन् भने १३ हजार व्यक्तिको मृत्यु भएको छ।

विश्वव्यापी महामारीका कारण विश्वकै सबैभन्दा बढी सङ्क्रमित रहेको मुलुक अमेरिका हो भने तेस्रो धेरै सङ्क्रमित रहेको मुलुक भारत हो। यसबाहेक रूस, दक्षिण अफ्रिका, मेक्सिको, पेरू, चिली, स्पेन, इरान, कोलम्बियामा सङ्क्रमितको सङ्ख्या उच्च रहेको छ। सङ्क्रमणका कारण धेरै मृत्यु भएका मुलुकहरूमा मेक्सिको, बेलायत, इटली, फ्रान्स र भारत रहेका छन्। (रासस/सिन्ह्वा)

# पञ्जाबमा मदिरा सेवनबाट ८० जनाभन्दा बढीको मृत्यु

**नयाँदिल्ली**-भारतको पञ्जाब राज्यमा पछिल्लो समय विषाक्त मदिरा सेवन गर्ने ८० जनाभन्दा बढी व्यक्तिको मृत्यु भएको प्रहरीले जनाएको छ।

मृत्यु हुनेमा पञ्जाब प्रान्तका उत्तरी क्षेत्रका तीन जिल्लाका व्यक्ति रहेका छन्। प्रहरीले अबैध मदिरा बेचबिखन गरेको आरोपमा २५ जनालाई पक्राउ गरेको छ।

भारतका विभिन्न राज्यमा हरेक वर्ष विषाक्त मदिरा सेवनबाट सयौं व्यक्तिको ज्यान जाने गरेको छ। अबैध यस्तो मदिरा स्थानीय बजारमा प्रतिलिटर भारु १० मै पाइने गरेको छ।

प्रहरीका अनुसार पञ्जाबको गुरदासपुर जिल्लामा ११ जनाको मृत्यु भएको छ भने अमृतसर जिल्लामा १२ तथा तार्न तारान जिल्लामा ६३ जनाको ज्यान गएको छ।

यसबाहेक केही अरु व्यक्तिको पनि विषाक्त मदिरा सेवनबाट मृत्यु भएको प्रहरीले आशंका गरेको छ। केही व्यक्तिले पोष्टमार्टम नगरी दाहसंस्कार गराएकाले पनि मृतकको संख्या बढी हुन सक्ने प्रहरीको अनुमान छ।

पञ्जाब प्रान्तका मुख्यमन्त्री अमरिन्दर सिंहले पछिल्ला केही दिनयता भइरहेको मृत्युका बारेमा अनुसन्धान गर्न आदेश दिइएको बताउनु भएको छ।

उनले अबैध तथा विषाक्त मदिरा बिक्रीमा दोषी व्यक्ति भेटिए कडा कारबाही गरिने बताएको छ। (रासस/एएफपी)

# भाजपा नेता तथा सङ्घीय सरकारका गृहमन्त्री शाह कोभिड-१९ सङ्क्रमित

**नयाँ दिल्ली**-भारतीय सङ्घीय सरकारका गृहमन्त्री अमित शाहलाई कोभिड-१९ सङ्क्रमण भएको छ। भारतीय जनता पार्टीका वरिष्ठ नेतासमेत रहेका मन्त्री शाहले आइतबार ट्वीटरमार्फत आफूलाई कोभिड-१९ सङ्क्रमण पुष्टि भएको बताएको छ।


मन्त्री शाहले आफूलाई कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको बताउँदै आफ्नो सम्पर्कमा आएका सबैलाई कोभिड-१९ सङ्क्रमण परीक्षण गर्न आग्रहसमेत गरेको छ।

शाहले ट्वीट गर्दै भने, 'केही लक्षणको आधारमा गरिएको परीक्षणले मलाई कोरोना भाइरस सङ्क्रमण भएको देखिएको छ। सङ्क्रमणका बाबजुद पनि मलाई अन्य शारीरिक समस्या देखिएको छैन।

तर स्वास्थ्यकर्मीको सल्लाहमा म आफूलाई अस्पतालमा भर्ना गर्दैछु।'

उने भने, 'विगतका केही दिनमा मेरो सम्पर्कमा आएका व्यक्तिहरू पनि तुरुन्तै एक्लै बस्न र परीक्षण गर्नुहुन आग्रह गर्दछु।'

शनिबार मात्रै उत्तर प्रदेशमा मन्त्री कमला रानीको लखनउमा कोभिड-१९ सङ्क्रमणका कारण मृत्यु भएको थियो। उनलाई सङ्क्रमण पुष्टि भएपछि लखनउस्थित एक अस्पतालमा भर्ना गरी उपचार गर्दै गर्दा मृत्यु भएको थियो।



भारतमा पछिल्ला दिनहरूमा कोरोना भाइरस सङ्क्रमण दर निकै बढेको सरकारी तथ्याङ्कले देखाएको छ। भारतमा आइतबारसम्ममा १७ लाख ६१ हजार १६६ जना सङ्क्रमित भएका छन् भने अहिलेसम्म ३७ हजारभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ।

भारतमा सङ्क्रमण दर जुलाईमा अत्यधिक वृद्धि भएका देखिएको छ। (रासस/सिन्ह्वा)

## ब्रिटिश एयरवेजमा न्यूनतम कर्मचारी कटौतीका लागि सहमति

**लन्डन**-ब्रिटिश एयरवेजका विमान चालकहरूले २७० कर्मचारी कटौती गर्ने र कार्यरत कर्मचारीबाट २० प्रतिशत ज्याला कम गर्ने सम्झौताको स्वीकार गर्ने पक्षमा मतदान गरेका छन्।

विमान कम्पनी कोरोनाभाइरसको महामारीबीच आर्थिक प्रभावको सामना गरिरहेको र आर्थिक सङ्कटको सामना गर्न एक हजार २०० विमान चालकसहित १२ हजार कर्मचारी हटाउने कम्पनीको प्रस्तावको सट्टा २७० कर्मचारी कटौती र २० प्रतिशत ज्याला कटौती गर्ने सम्झौतालाई पारित भएको उड्ययन यूनियन (बाल्पा) ले जानकारी गराएको छ।

सम्झौता अनुसार कर्मचारीको महामारीको समयको वेतनमा २० प्रतिशतले कम गर्ने र दुई वर्षसम्म आठ प्रतिशतले कटौती गरिने छ। (एएफपी)


## कम्पनीको नाम परिवर्तन भएको सूचना

पहिलोपटक प्रकाशित मिति २०७७।०४।१९

यस कम्पनीको मिति २०७७।०३।२२ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साबिक कम्पनी **बानेश्वर मल्टी गुड्स सप्लायर्स प्रा.लि.** (प्रा.लि.नं. २०५२८६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु /व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने/व्यहोर्ने गरि कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७।०४।०८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरि **इन्द्रेणी मार्ट एण्ड बेकरी प्रा.लि.** कायम गरिएको हुँदा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

## गौरीशंकर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

सुरी, दोलखा
वागमती प्रदेश, नेपाल

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति २०७७०४१९*

गौरीशंकर गाउँपालिका, सुरी, दोलखामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना सञ्चालनका लागि आवश्यक प्राविधिक सहायक पद (पाँचौ तह) करारमा पदपूर्तिका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र आवेदन पेश गर्नुहुन अनुरोध छ।

*नोटः विस्तृत जानकारीको लागि यस गाउँपालिकाको वेभसाईट www.gaurishankarmun.gov.np र सूचना पाटीमा हेर्नुहुन समेत अनुरोध गरिन्छ। (सम्पर्कका लागिः श्री देबराम बुढाथोकी, रोजगार संयोजक, मोबाइल नं. ९८४४३०६५७०)*

**प्रमुख प्रशासकीय अधिकृत**

## वर्गीकृत विज्ञापन संकलन काउण्टर

पशुपति विज्ञापन सेवा - सोह्रखटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोनं. ४३६४७१। ध्रुवको पसल - डिल्लीबजार, फोन नं. : ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217**। दन्तकाली स्टेशनरी - नयाँ बसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञानज्योती पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र संचार - सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी - बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी - गटठाघर ठिमी, फोन नं. ६६३०७५७। **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी -विश्वज्योति हल साईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर - कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः ०१-४२७१३२२। दाजुभाई स्टेशनरी - पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७।